# लोक सेवा आयोग
## केन्द्रीय कार्यालय, अनामनगर
### *सूचना तथा प्रकाशन शाखा*
## लोक सेवा आयोगको मिति २०७०।३।२० को निर्णय अनुसार न्याय सेवा, सरकारी वकिल समूह, राजपत्रांकित तृतीय श्रेणी मधेसी, अपाङ्ग र पिछडिएको क्षेत्रको समेत थप गरिएको प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापनको सूचना
**सूचना नं. ६५०/०६९-७०**

आयोगको मिति २०६९।८।२७ को बुलेटिन र गोरखापत्रमा प्रकाशित सूचना नं. २९७/०६९-७० मा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७०।३।१७ मा आदेश भए बमोजिम न्याय सेवा, सरकारी वकिल समूह, राजपत्रांकित तृतीय श्रेणी समावेशी तर्फ (मधेसी, अपाङ्ग र पिछडिएको क्षेत्र) का विज्ञापन समेत थप गरी प्रतियोगितात्मक लिखित परीक्षाद्वारा पूर्तिका लागि निम्न बमोजिमका योग्यता पुगेका उम्मेदवारहरुबाट आयोगद्वारा स्वीकृत फाराम भरी दरखास्त आह्वान गरिन्छ ।

| सि.नं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह र श्रेणी | समावेशी | पद संख्या |
|---|---|---|---|---|
| १. | ३०३६क/०६९-७० | शाखा अधिकृत वा सो सरह, न्याय, सरकारी वकिल, रा.प. तृतीय | मधेसी | २ (दुई) |
| २. | ३०३७क/०६९-७० | शाखा अधिकृत वा सो सरह, न्याय, सरकारी वकिल, रा.प. तृतीय | अपाङ्ग | १ (एक) |
| ३. | ३०३७ख/०६९-७० | शाखा अधिकृत वा सो सरह, न्याय, सरकारी वकिल, रा.प. तृतीय | पिछडिएको क्षेत्र | १ (एक) |

**परीक्षा मिति र समयः-**

| विज्ञापन नं. | प्रथमपत्र | द्वितीयपत्र | तृतीयपत्र |
|---|---|---|---|
| ३०३३/०६९-७० आ.प्र. | २०७०।५।१३ गते दिनको २.०० बजे | २०७०।५।१४ गते दिनको २.०० बजे | - |
| ३०३४, ३०३५, ३०३६, ३०३६क, ३०३७, ३०३७क, ३०३७ख/०६९-७० खुला र समावेशी | २०७०।५।१५ गते दिनको २.०० बजे | २०७०।५।१६ गते दिनको २.०० बजे | २०७०।५।१७ गते दिनको २.०० बजे |

**परीक्षाको किसिमः-** लिखित र अन्तर्वार्ता ।
**परीक्षा केन्द्रः-** आयोगको क्षेत्रीय निर्देशनालयहरु ।
**परीक्षा दस्तुरः-** रु.७००।- (सातसय) र एउटै सेवाको प्रत्येक समावेसी समूहको लागि रु.३००।- (तीनसय) थप दस्तुर बुझाउनु पर्ने ।
**दरखास्त दिने स्थानः-** काठमाडौंको हकमा काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र, अनामनगर, गोश्वारा हुलाक कार्यालय, सुन्धारा र काठमाडौं बाहिरको हकमा आयोगको क्षेत्रीय निर्देशनालयहरु र अञ्चल कार्यालयहरु । साथै आयोगको कार्यालय रहेका जिल्लाहरु बाहेकका जिल्लाहरुमा सम्बन्धित जिल्ला हुलाक कार्यालयमा समेत दरखास्त बुझाउन सकिनेछ ।
**दरखास्त दिने अन्तिम मितिः-** २०७०।४।१५ गते र दोब्बर दस्तुर २०७०।४।२२ गतेसम्म ।
**अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुंदा सूचना गरिनेछ ।
**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी ।
**तलबः-** प्रचलित स्केल बमोजिम ।
**सेवा सम्बन्धी मन्त्रालयः-** कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय ।
***शैक्षिक योग्यताः-*** मिति २०६९।९।१७ गतेसम्म प्राप्त गरेकोलाई मात्र मान्यता दिइनेछ ।
***उमेरको हदः-*** मिति २०६९।९।१७ गतेसम्म पुरुषको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

***दरखास्त सम्बन्धमाः-*** मिति २०६९।८।२७ मा प्रकाशित भएको विज्ञापनमा आन्तरिक प्रतियोगिताको लिखित परीक्षा मिति २०६९।११।४ र ५ र खुला/समावेशीको लिखित परीक्षा मिति २०६९।११।१६, १७ र १८ गते हुने भनिएको न्याय सेवा, सरकारी वकिल समूह, रा.प. तृतीय श्रेणीको लिखित परीक्षा सम्मानित सर्वोच्च अदालतको मिति २०६९।११।१ को आदेश बमोजिम स्थगित भएको लिखित परीक्षाको लागि दरखास्त फाराम भरेका उम्मेदवारहरुको दरखास्त फारामलाई यथावत कायम राखी सो विज्ञापनमा मधेसी, अपाङ्ग र पिछडिएको क्षेत्रमा उम्मेदवार हुन पाउने व्यक्तिको हकमा थप दस्तुर सहित साविकको दरखास्त फाराममा आफूले परीक्षा केन्द्र राखेको सम्बन्धित क्षेत्रीय निर्देशनालयमा र मध्यमाञ्चल क्षेत्रीय निर्देशनालयको हकमा काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र, अनामनगरमा सक्कल प्रवेशपत्र समेत साथै ल्याई थप पाना भरी पेश गर्नु पर्नेछ ।

## आवश्यक न्यूनतम योग्यता

*(क) खुलाको लागि*

**(१) न्याय सेवाको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातक तह उत्तीर्ण भएको ।

***द्रष्टव्य***

(क) दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरु {(अ) लब्धांकपत्र (आ) चारित्रिक प्रमाणपत्र} र नेपाली नागरिकताको प्रमाणपत्र समेतको प्रतिलिपि एवं दरखास्त दस्तुर बुझाएको नगदी रसिद पेश गर्नु पर्नेछ । प्रमाणपत्रका प्रतिलिपिमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गर्नु पर्ने छ ।

(ख) दरखास्त दिने अन्तिम मिति २०६९।९।१७ गते सम्ममा सेवा, समूह सम्बन्धी ऐन, नियम अनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनु पर्नेछ । बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

(ग) मिति २०६९।९।१७ भन्दा पछिको उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

(घ) निजामती सेवाको हकमा नि.से.ऐन, २०४९ को दफा (१०) बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

(ङ) आयोगद्वारा तोकिएको म्याद भित्र दाखिल नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(च) समान पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले त्यस्तो उम्मेदवारको दरखास्त लिइने छैन ।

(छ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन ।

(ज) दरखास्त फारामको नमूना आयोगको **Website: www.psc.gov.np** बाट नयाँ दरखास्त फाराम अन्तर्गत खुला/आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि निर्धारण गरिएको दरखास्त फारम **Download** गरी आवश्यक विवरण भरी तोकेको कागजात सहित साधारण फाइलमा विज्ञापन नम्बर, सेवा, समूह, उपसमूह र उम्मेदवारको नाम, थर लेखि फाइलमा नत्थी गरी **A4** साइजको पेपरमा दिएको साइजमा फरक नपारी फोटोकपि गरी, कम्प्युटर टाइप गरी वा आयोगको कार्यालयमा मौज्दात रहेसम्म जुनसुकै रंगको फाराम खरिद गरी विवरण भरी बुझाउन सकिने छ । तर हातले उतार गरी लेखेको दरखास्त फारामलाई मान्यता दिइने छैन ।

(झ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारहरुले अन्तर्वार्ता दिनु भन्दा अगावै शैक्षिक योग्यताको स्थायी/अस्थायी प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ञ) प्रत्येक सेवा अन्तर्गत एक समूह/उपसमूहको लागि खुला र समावेशी प्रतियोगिताका आधारमा लिईने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिईने छ ।

(ट) ती समूहभित्र फाराम भर्ने उम्मेदवारहरुले विज्ञापन अनुसारका प्रत्येक समूहका उम्मेदवारहरुका लागि दरखास्त फारामको पहिलो पाना छुट्टा छुट्टै भर्नु पर्नेछ, तर रोल नम्बर र प्रवेशपत्र भने एउटा मात्र प्रदान गरिने छ ।

(ठ) उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मदेवार हुने किसिम/समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ अन्यथा परीक्षामा समावेश गराईने छैन ।

(ड) एकभन्दा बढी किसिम/समूहमा फाराम भर्ने उम्मेदवारले आफूले पेश गर्ने आवश्यक प्रमाणहरुको प्रत्येकको एक एक प्रति मात्र बुझाए पुग्ने छ ।

(ढ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्ने र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाणपत्र वा लब्धाङ्क विवरण (ट्रान्स्कृप्ट) वा लब्धाङ्कको प्रतिलिपि दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

(ण) दरखास्त दिने अन्तिम मिति भित्रै निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको भए पनि दरखास्तसाथ न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा ट्रान्सकृप्ट संलग्न गर्न नसक्ने अवस्था (परीक्षा उत्तीर्ण गरेको केही दिनमात्र भएको कारणले) मा लब्धाङ्कपत्रमात्र पेश गर्ने उम्मेदवारले सोको साथमा आफूले अध्ययन गरेको शिक्षण संस्थाबाट जारी भएको आफूले अध्ययन गरेको तहको सबै परीक्षाहरु (यसमा थेसिस/प्राक्टिकल वा अन्य कुनै यस्तै आवश्यकता समेत उत्तीर्ण गरिसकेको) उत्तीर्ण गरी सबै आवश्यकता (requirements) पूरा गरिसकेको लिखित प्रमाण पेश गर्नु पर्ने र सो को आधारमा शर्त सहित (conditional) दरखास्त लिइनेछ ।

(त) शर्त सहित दरखास्त दिने उम्मेदवार लिखित परीक्षा उत्तीर्ण भई अन्तर्वार्ताको लागि छनौट भएमा अन्तर्वार्ता पूर्व नै प्रमाणपत्र वा लब्धाङ्क विवरणपत्र (ट्रान्स्कृप्ट) पेश गर्नु पर्ने अन्यथा अन्तिम चरणका अन्य परीक्षा तथा अन्तर्वार्तामा सामेल नगराइने र निजको दरखास्त स्वतः रद्द हुनेछ ।

(थ) विदेशी शैक्षिक संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले प्रमाणपत्र वा ट्रान्सकृप्ट संलग्न गर्न नसक्ने अवस्था भएमा provisional certificate र समकक्षताको प्रमाण सहित दरखास्त दिन सक्ने छन् । तर यस्ता उम्मेदवारहरुले परीक्षा उत्तीर्ण गरेको लामो समयसम्म प्रमाणपत्र वा ट्रान्सकृप्ट नलिएको अवस्थामा त्यस्ता उम्मेदवारहरुको दरखास्त लिन आयोग वाध्य हुने छैन ।

(द) पाठ्यक्रम आयोगको **Website** बाट प्राप्त गर्न सकिने छ ।

**समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नु पर्ने थप कागजातहरुः-**

समावेशी तर्फ दरखास्त दिने उम्मेदवाहरुले निजामती सेवा नियमावली, २०५० (सातौं संशोधन) को दफा १४ मा व्यवस्था भए अनुसारको निम्न बमोजिमका कागजातहरु समेत पेश गर्नु पर्नेछ ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ग) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको आधारमा,

(घ) मधेसीका हकमा नेपाल सरकाले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ङ) पिछडिएको क्षेत्रका हकमा ऐनको दफा ७ को उपदफा (७) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको आधारमा ।